# मण्डनदेउपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## महादेवस्थान, काभ्रेपलाञ्चोक
## बागमती प्रदेश, नेपाल

## इन्द्रावती नदीको रोडा, ढुंगा, ग्रावेल बालुवाको संकलन तथा बिक्री शुल्क उठाउने सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

**पाँचौ पटक (संशोधित) सूचना प्रकाशित मिति २०८३/०५/१८**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (घ) १ र (घ) ६ बमोजिम मण्डनदेउपुर नगरपालिकाको आ.व. २०८३/८४ को लागि देहाय बमोजिमको आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले प्रदेश आर्थिक ऐनबाट पारित दररेट तथा ईन्द्रावती नदिको लागि स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) को क्षेत्र निर्धारण प्रतिवेदनमा उल्लेखित क्षेत्रहरुबाट स्वीकृत परिमाण भन्दा बढी उत्खनन नहुने गरी रोडा, ढुंगा, ग्रावेल, बालुवा संकलन तथा बिक्री शुल्कको ठेक्का लिन ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट तपसिल बमोजिम तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्नानुसारको विषय क्षेत्र भित्र बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। रित नपुगी या म्याद नाघी प्राप्त हुन आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

**ठेक्का सम्बन्धी विवरण:**

| क्र.सं. | आन्तरिक आय ठेक्का संकेत | ठेक्काको विषय क्षेत्र | आ.व.२०८३/०८४ का लागि कायम न्यूनतम अंक (मू.अ.कर सहित) | संकलन/उत्खनन गर्न पाउने अधिकतम परिमाण (बार्षिक) | वोलपत्र फारम दस्तुर | धरौटी/ जमानत रकम | बागमती प्रदेश सरकारबाट स्वीकृत दररेट |
|---|---|---|---|---|---|---|---|
| १. | 1/IR/ 2083/084 | मण्डनदेउपुर नगरपालिका क्षेत्र भित्रको ईन्द्रावती नदी क्षेत्रको स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) को क्षेत्र निर्धारण प्रतिवेदनमा उल्लेख भएका (स्वीकृत खानी क्षेत्र बाहेक) बाट नदीजन्य निर्माण सामग्री (रोडा, ढुंगा, ग्रावेल, बालुवा) उत्खनन्, संकलन तथा बिक्रि गर्न | ९,८५,३१,२३१.४० (नौ करोड पचासी लाख एकतीस हजार दुइ सय एकतीस रुपैयाँ चालीस पैसा मात्र( | १,२४,५६,५४० क्यू फिट | ५०००/- | मु.अ.कर सहित कबोल अंकको ५ प्रतिशत | रोडा, ढुंगा, ग्रावेल, बालुवा प्रति क्यू फिट (मु.अ.कर बाहेक) रु.७ |

**ठेक्का सम्बन्धि शर्तहरुः**

१. बोलपत्र फारम खरिद गर्दा व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, व्यक्तिगत प्यान दर्ता प्रमाण पत्र तथा फर्मको हकमा अद्यावधिक फर्म नविकरण प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०८१/८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, साथै लिखित निवेदन स्वघोषणा पत्र र मू.अ. कर दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी मिति २०८३/०५/२९ गते कार्यालय समय भित्र मण्डनदेउपुर नगरपालिकाको राजश्व शाखाबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ।

२. ग्लोबल आइएमइ बैंक कुन्तावेशी शाखामा रहेको खाता ग.१.१ आन्तरिक राजश्व खाता मण्डनदेउपुर खाता नं २२००४०१००००१० , राजश्व शीर्षक नं. १४२२९ मा बोलपत्र दस्तुर जम्मा गरी बोलपत्र फाराम खरिद गर्न सकिनेछ।

३. बुँदा नं. १ बमोजिम खरिद गरिएका बोलपत्र फारम रितपूर्वक भरि मिति २०८३/०५/३० गते दिनको १२ बजे भित्र मण्डनदेउपुर नगरपालिका कार्यालयको पुर्वाधार शाखामा पेश गर्नुपर्नेछ।पेश भएका बोलपत्रहरु सोही दिनको २ बजे कार्यालयमा उपस्थित बोलपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरु र कार्यालय प्रतिनिधिहरुको रोहबरमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि वोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

४. बोलपत्रको मान्य अवधी कम्तीमा ९० दिनको हुनुपर्नेछ।

५. धरौटी रकमः बोलपत्र पेश गर्दा आफूले कवोल गरेको मु.अ.कर सहितको रकमको ५ प्रतिशत ले हुन आउने धरौटी रकम यस कार्यालयको ग्लोबल आइएमइ बैंक, कुन्तावेशी शाखामा रहेको खाता ग.३ मण्डनदेउपुर धरौटी खाता नं. २२००४०१००००००८ खातामा जम्मा गरेको सक्कलै बैक भौचर वा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट कम्तिमा १२० (एक सय बीस) दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैकबाट यस कार्यालयको पक्षमा जारी भएको सक्कल बैंक जमानत पत्र (Bid security) अनिवार्य रुपले बोलपत्र साथ पेश गर्नु पर्नेछ।

६. बोलपत्र भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेखी पेश गर्नु पर्नेछ। अंक र अक्षरमा लेखिएको रकम फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ।

७. बोलपत्र स्वीकृत सम्बन्धी जानकारी प्राप्त भएको मितिले ७ (सात) दिन भित्र कवोल अकंको ३० (तिस) प्रतिशत रकम (मु. अ. कर समेत) नगदै तथा बाँकी रकमको हकमा यस कार्यालयको पक्षमा नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैकबाट जारी भएको प्रत्येक किस्ता रकम (मु.अ.कर बापतको रकम समेतको) छुट्टा छुट्टै कार्यसम्पादन जमानत पत्र सहित सम्झौता गर्न आउनु पर्नेछ।

८. ठेकेदारले सम्झौतामा तोकीएको विषय क्षेत्रमा तोकिएको दर रेटमा मात्र शुल्क असुल गर्न पाउनेछ। संकलन तथा बिक्री शुल्कको दररेट बोलपत्र फाराम साथ उपलब्ध गराईनेछ।

९. यस सूचनामा उल्लेखित खोला/नदीका अलवा नयाँ क्षेत्र (खोला/नदी) पहिचान भई नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७२/१०/२० को निर्णय बमोजिम नेपाल सरकार/दातृ निकायद्धारा संचालन हुने विकास आयोजनाहरुको लागि प्रयोग हुने निर्माणजन्य सामाग्रीको बिक्रीको हकमा सम्बन्धित आयोजना (स्वीकृत EIA को परिधिभित्र रही) ले प्रयोग गरेको परिमाणको आधारमा नगरपालिकाले सम्बन्धित आयोजनाबाट बिक्री मूल्य असुल गर्नेछ।

१०. ठेकेदार र कार्यालय बिचमा ठेक्का सम्बन्धी कुनै सम्झौतामा तोकिएको शर्तहरुमा विवाद भएमा मण्डनदेउपुर नगर कार्यपालिकाको निर्णय नै अन्तिम हुनेछ।

११. संकलन तथा बिक्री शुल्क उठाउने सम्पूर्ण दायित्व ठेकेदारको हुनेछ। त्यसमा कार्यालयले कुनै जिम्मेवारी वहन गर्ने छैन साथै ठेक्का रकमको मु.अ. कर बाहेक प्रचलित कानुन बमोजिम तिर्नुपर्ने अन्य सम्पूर्ण करहरु ठेकेदार स्वंयमले वुझाउनु पर्नेछ।

१२. रोडा, ढुंगा, ग्रावेल, बालुवा बिक्री ठेक्कामा रोडा, ढुङ्गा, बालुवा, ग्राभेल निकाल्दा व्यक्तिगत जग्गा क्षति हुने गरी निकाल्न पाइने छैन साथै खोला/नदीमा पर्ने पुलको तल माथि कम्तिमा ५०० मिटर छाडेर EIA प्रतिवेदनमा तोकीएको स्थानहरुबाट मात्र रोडा, ढुङ्गा, बालुवा, ग्राभेल निकाल्नु पर्नेछ।

१३. सूचनामा उल्लेखित क्षेत्रमा EIA को स्वीकृत परिमाममा नबढ्ने गरि मिति २०८३/०६/०१ गते देखि मिति २०८४/०२/३० गते सम्म नगरपालिकाको स्वीकृत लिई रोडा, ढुंगा, ग्रावेल, बालुवा उत्खनन गर्न सकिने छ।

१४. ठेक्कामा मालसामानको परिमाण एकिन भएको र परिमाण अनुसार ठेक्का आव्हान गरिएकोले आवश्यक प्रकृया पूरा गरी उक्त परिमाण सो भन्दा कम अवधिमा पनि बिक्री गर्न सकिनेछ। साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द आदिको कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति पाइने छैन। EIA प्रतिवेदनमा उल्लेख भएको अवधि बाहेकमा नदी/खोलाबाट निर्माण सामाग्री उत्खनन् गर्न पाईने छैन तर विभिन्न स्थानमा थुपारी घाटगद्दी गरी राखेको सामाग्री बिक्री गर्न बाधा पर्ने छैन।

१५. जिल्ला अनुगमन तथा नगरपालिका र सम्बन्धित सरकारी निकायहरुले अनुगमन गर्दा कानून र मापदण्ड बमोजिम नपाईएमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

१६. जुन आर्थिक वर्षका लागि ठेक्का सम्झौता भएको हो सोही आर्थिक वर्ष भित्र उक्त ठेकेदारले उत्खनन गरेका ढुंङ्गा, गिट्टि, बालुवा, ग्राभेल सो क्षेत्रबाट उठाइसक्नु पर्नेछ।

१७. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहने छ।

१८. यसमा उल्लेख नभएका अन्य शर्तहरु बागमती प्रदेश सरकारबाट जारि गरिएको नदीजन्य पदार्थ (उत्खनन र उपयोग) कार्यविधि, २०७५ र ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७, ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०७९ मण्डनदेउपुर नगरपालिका भित्रका नदीजन्य पदार्थको उपयोग तथा व्यवस्थापन कार्यविधि, २०७५ र अन्य प्रचलित कानून बमोजिम हुनेछ। साथै सम्झौता गर्दाका बखत यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलिपत्रको अभिन्न अंग मानिनेछ।

१९. सार्वजनिक खरिद अनुगमन कार्यालयको मिति २०८३/०५/११ को सुचना बमोजिम विधुतीय खरिद प्रणालीको मर्मतसम्भार र सुधार कार्य भैरहेको हुँदा अर्को सूचना प्राप्त नभए सम्मको लागि Egp-system नचल्ने भएको हुँदा उल्लेखित ठेक्काको सम्पूर्ण कार्य हार्डकपि मार्फत मात्र हुने व्यहोरा अनुरोध छ।

२०. बोलपत्र सम्बन्धी अन्य कुरा बुझ्नु परेमा निम्न सम्पर्क नम्बरमा सम्पर्क गरि बुझ्न सकिने छ।

काशीनाथ नेपाल :- ९८५१३५९६१२

हरि भुसालः- ९८५१४१९०७

सपना खोटेजाः- ९८५११२६०४२

**प्रमुख प्रशासकीय अधिकृत**